आज मिति २०७५ साल मंशिर ९ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा कार्य पालिकाको पैंतिसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | " |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | " |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | " |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | " |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | " |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | " |
| श्री शान्ती चौधरी | - | सदस्य | " |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | " |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | " |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | " |
| श्री लक्ष्मिण बहादुर नेपाली | - | सदस्य | " |
| श्री बम बहादुर वि क. | - | सदस्य | " |

श्री भीम बहादुर खत्री - प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव

Scanned by CamScanner

प्रस्तावहरु

१ स्थानीय शिक्षा समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा

२ गाउँपालिकाका ठूला, दिर्घकालीन तथा आवधिक योजनाहरु प्रस्ताव तयार गरी पेश गर्ने सम्बन्धमा संघ, प्रदेश र तराई मधेश समृद्ध कार्यक्रम समेतमा

३ राहत रकम र क्यान्सर पिडितहरुलाई औषधि उपचार खर्च वापत उपलव्ध गराउने रकम निर्धारण सम्बन्धमा

४ बिबिध

(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा

निर्णयहरु :-

१ स्थानीय शिक्षा समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा गेरुवा गाउँपालिका स्थानीय शिक्षा समितिवाट भएका निर्णयहरु अनुमोदन गर्दै देहाय बमोजिमका विषयहरुमा उल्लेख भए अनुसार गर्ने निर्णय गरियो ।

(क) माथी छलफल गर्दा शिक्षा विभाग तथा शिक्षा ईकाईको पत्र र योजना कार्यान्वयन गर्ने बिद्यालयहरुको अनुरोधमा स्वीकृत ईस्टिमेट र सम्पन्न सम्झौतालाई आधार वनाई वडा प्राविधिक र गाउँपालिका प्राविधिकबाट प्राविधिक अध्ययन,निरीक्षण पश्चात वडास्तरीय अनुगमन समिति र गाउँपालिका स्तरीय उच्च अनुगमन समितिले शिक्षा संयोजक र सम्बन्धित विद्यालय व्यवस्थापन समितिको उपस्थितिमा अनुगमन गराई अविलम्ब बिस्तृत अनुगमन/निरीक्षण प्रतिवेदन तयार गरी सुझाव सहित पेश गर्ने व्यबस्था मिलाउन गेरुवा गाउँपालिका शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो :-

तपशिल :-

(क) गाउँपालिका उच्च स्तरीय अनुगमन समिति

| | | |
|---|---|---|
| १ | अध्यक्ष | संयोजक |
| २ | उपाध्यक्ष | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | " |
| ४ | सिभिल ईन्जिनियर | " |

(ख) वडा अनुगमन समिति :-

| | | |
|---|---|---|
| १ | वडाध्यक्ष | संयोजक |
| २ | वडा सचिव | सदस्य |
| ३ | सव-ईन्जिनियर | " |
| ४ | कलष्टर सदस्य | " |

Scanned by CamScanner

(ख)  शुल्क निर्धारण गर्ने सम्वन्धमा

(ख) माथी छलफल गर्दा गेरुवा गाउँपालिका अन्तर्गतका विभिन्न सामुदायिक विद्यालयहरुमा विभिन्न शुल्कहरु लिईने गरिएको देखिएकोले सम्वन्धित विद्यालय व्यवस्थापन समितिको अविभावक भेलाले निर्णय गरेमा देहाय वमोजिमको अंकमा नवढ्ने गरी देहाय वमोजिमको शिर्षकहरुमा मात्र शुल्क निर्धारण गरी लिन सक्ने गरी एकरुपता ल्याउन निर्देशन गर्ने निर्णय गरियो ।

तपशिल –

(१)  परीक्षा शुल्क :-

(२)  प्रमाण पत्र शुल्कः-

(३)  प्रतिलिपी शुल्कः-

(४)  अतिरिक्त कक्षा सञ्चालन शुल्कः-

(५)  निर्धारीत भन्दा अतिरिक्त कोर्श वढाई शुल्कः-

(ग)  नयाँ नियुक्ति सम्वन्धमा ( नियुक्ति गरे पछि हटाउनै सकिदैन )

प्रस्ताव नं.१ (ग) माथी छलफल गर्दा केहि विद्यालयहरुले शैक्षिक गुणस्तर सुधार कार्यक्रमबाट निजी श्रोत शिक्षक नियुक्ति गरि पठनपाठन गराई रहेको भन्ने सुन्नमा आएकोले स्वीकृत दरवन्दी र विनियोजित बजेट व्यवस्था नभए सम्म कुनै पनि पदमा कुनै पनि व्यक्तिलाई नियुक्ति गर्नु नियम संगत नहुने हुँदा कुनै पनि पदमा नयाँ नियुक्ति नगर्न निर्देशन गर्ने साथै अतिरिक्त कक्षा सञ्चालन गर्नु पर्दा आबश्यकता र औचित्य पुष्टि हुने गरी कक्षा, योग्यता र अवधि निर्धारण तथा श्रोत व्यवस्थापन समेत प्रमाणित गराई प्रतिकक्षा न्युनतम ज्याला निर्धारण गरी निश्चित आवधिक ज्यालादारी सम्झौताका आधारमा कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउन निर्देशन गर्ने निर्णय गरियो ।

३  **गाउँपालिकाका ठूला, दिर्घकालीन तथा आवधिक योजनाहरु प्रस्ताव तयार गरी पेश गर्ने सम्वन्धमा (संघ, प्रदेश र तराई मधेश समृद्ध कार्यक्रम आयोजनामा पेश गर्ने ।**

प्रस्ताव नं.३ माथी छलफल गर्दा संघ, प्रदेश र तराई मधेश समृद्ध कार्यक्रम बाट प्रस्ताव माग भई आए वमोजिम देहाय वमोजिमका कार्यक्रमहरु प्रस्ताव गरी पेश गर्ने र ती कार्यक्रमहरुको डि पि आर तयार गरी पेश गर्न पूर्वाधार विकाश समितिका संयोजक श्री धर्म प्रकाश थारुको संयोजकत्वमा समितिका सदस्यहरु, सिभिल ईन्जिनियर श्री दिपक चौधरी र अमिन श्री खगेन्द्र आचार्य समेतको टोली गठन गरी देहाय वमोजिमका आयोजनाहरुको प्रस्ताव तयार पारी पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

तपशिल : -

(क)  संघमा पेश गर्ने कार्यक्रमहरु

१  सरखोल/ईन्टेक - गेरुवानी १३५० मीटर पक्की पुल

२  मनाउ-हात्तीसार ५००० मीटर झोलुङगे पुल

Scanned by CamScanner

३ रिङरोड र सिचाई रोड स्तरोन्नति/पिच कार्यक्रम
४. सन्कट्टी घाट पूल

(ख) प्रदेशमा पेश गर्ने कार्यक्रमहरु
१ मनाउ-पशुपतिनगर-गोला-ईन्टेक-सरखोल-शान्तीबजार सडक स्तरोन्नति र पिच गर्ने
२ थापा भिल-बन्जरीया-बिजुलीबजार-गिदरपुर-जनकनगर भटेरा सडक स्तरोन्नति र पिच गर्ने
३ अव्यवस्थित वसोबास तथा घर नभएका मध्ये १३०० घर परिवारको वस्ति व्यवस्थापन कार्यक्रम

(ग) तराई मधेश समृद्धि कार्यक्रम आयोजनामा पेश गर्ने कार्यक्रमहरु
१ सुखाड -गणेशपुर-शान्तीबजार सडक स्तरोन्नति/पिच गर्ने
२ गोला-गिदरपुर-शान्तीबजार सडक स्तरोन्नति र पिच गर्ने
३ ३३ घर परिवारको बस्ति व्यवस्थापन कार्यक्रम
४ गेरुवा गाउँपालिकाका ६९९७ परिवारलाई शुद्ध खानेपानी कार्यक्रम

**३ राहत रकम र क्यान्सर पिडितहरुलाई औषधि उपचार खर्च वापत उपलव्ध गराउने रकम निर्धारण सम्बन्धमा**

प्रस्ताव नं.३ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाकामा प्राप्त भएका तपशिल वमोजिमका निवेदकहरुलाई देहाय वमोजिमको क्षतिपुर्ती दिने निर्णय गरियो ।

तपशिल:

| | | |
|---|---|---|
| १. पदमकला जैशी | गेरुवा गापा २ नं. वडा, टिकुलीघढ | रु.१०,०००।- |
| २. किशोर राना | गेरुवा गापा २ नं. वडा, भैरमपूर | रु.१०,०००।- |
| ३. सम्पति धामी | गेरुवा गापा ४ नं. वडा, मैनापोखर | रु.१०,०००।- |
| ४. बहादुर थारु | गेरुवा गापा ४ नं. वडा, गोविन्दपूर | रु.१०,०००।- |
| ५. भिमलाल विश्वकर्मा | गेरुवा गापा ४ नं. वडा, गोविन्दपूर | रु.१०,०००।- |
| ६. सावित्रा रोकाया | गेरुवा गापा ४ नं. वडा, गोला | रु.१०,०००।- |
| ७. जलेसी चौधरी | गेरुवा गापा १ नं. वडा, जनकनगर | रु.१०,०००।- |
| ८. संगीता थारु | गेरुवा गापा ३ नं. वडा, लोहारपूर | रु.१०,०००।- |

**४. बिबिध**

**(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

निर्णय नं. ४ माथी छलफल गर्दा विविध बिषयमा छलफल गर्दा सवै वडाध्यक्षहरुले आ-आफ्नो वडाको माशिक प्रगति प्रस्तुत् गर्ने र कार्य सम्पादन सम्झौता गरी अख्तियारी

Scanned by CamScanner

लिने तयारीका साथ आगामी ३७औं नियमित बोर्ड बैठक मिति २०७५ साल पौष ७ गतेका दिन दिनको २.०० बजे बस्ने निर्णय गरियो ।

Scanned by CamScanner